बेनी नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

२०८०।०५।२६

निर्णयहरू

१) नगर कार्यपालिकाको गत साउन महिनामा बसेको बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । गत साउन महिनामा बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कामकार्यवाही तथा भए गरेका खर्चको अनुमोदन गर्ने ।

२) बेनी नगरपालिका तथा नगर कार्यपालिकालाई विपक्ष बनाई अदालत तथा विभिन्न न्यायीकहरूमा दायर भएका उजुरी/निवेदनहरुका सम्बन्धमा बेनी नगरपालिकाका तर्फबाट लिखित जवाफ तयार गरी उजुरीको प्रतिरक्षा गर्नका लागि बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सहायकस्तर पाँचौं तहका कर्मचारी श्री लक्ष्मण पौडेललाई प्रतिनिधि तोक्ने ।

३) बेनी नगरपालिका, वडा नं. ४, सिंगामा निर्माणाधीन कोल्ड स्टोर्स निर्माण योजना सम्पन्न हुने चरणमा रहेकोले कार्य सम्पन्न भए पश्चात् संघीय सरकारबाट सोधभर्ना गर्ने गरी हाललाई बेनी नगरपालिकाको समपूरक कोषबाट व्ययभार हुनेगरी सम्बन्धित निर्माण व्यवसायीलाई सम्पन्न कार्यको कानूनबमोजिम प्राविधिक बीलको आधारमा अन्तिम भुक्तानी दिने ।

४) निर्णय नं. ३ बमोजिमको आयोजना नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को विशेष अनुदानतर्फको रहेको, कामको परीमाण धेरै ठूलो तथा जटील प्राविधिक कार्यसमेत रहेको तर आयोजना सालवसाली भएकाले गत आर्थिक वर्षमा आयोजनाको कार्य अन्तिम चरणमा पुगेको तर कार्यसम्पन्न हुन नसकेकाले सो आयोजनाको बजेट असार मसान्तमा संघीय सञ्चित कोषमा फिर्ता पठाइएको र चालू आर्थिक वर्षमा सो कार्यका लागि नेपाल सरकारको तर्फबाट कुनै प्रकारको बजेट विनियोजन नभएकोले सो आयोजनाको अन्तिम भुक्तानी गर्दा नगरपालिकाको ठूलो धनराशी खर्च हुने, चालू आर्थिक वर्षको स्थानीय वार्षिक बजेटमासमेत सो कार्यका लागि बजेट व्यवस्थापन नभएको, नगरपालिकाको आन्तरिक आय निकै कम भएकाले हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेकोमा नगरपालिकाको सञ्चित कोषबाट नियमानुसार निर्माण व्यवसायीलाई भुक्तानी दिने र सो रकम नेपाल सरकार अर्थ मन्त्रालयमा माग गर्ने ।

५) बेनी नगरपालिका, वडा नं. २ को खबरा खानेपानी योजना निर्माण कार्यको जिम्मा लिएको हिमालयन-खुसी होम जे.भी.ले उक्त योजनाको निर्माण कार्य गर्दा स्वीकृत लागत अनुमान भन्दा फरक परेको खानेपानी पाइपलाई परिवर्तन गर्नका लागि म्याद थप गर्न निवेदन पेश गरेकोले २०८० मंसिर मसान्त सम्मका लागि सो निर्माण कम्पनीलाई म्याद थप गर्ने ।

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

६) बेनी नगरपालिका, वडा नं. ५ को रावण पार्क निर्माण योजनाको बाँकी कार्य सम्पन्न गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने तथा यस योजनाका लागि संघीय सरकारबाट प्राप्त हुनुपर्ने साझेदारी बापतको रकमका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने ।

७) "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रका लागि आवश्यक कागजातहरु सहित निवेदन पेश गरेका एस.एस.बिल्डर्स, बेनी न.पा.-८, म्याग्दी र अन्नपूर्ण डेभलपर्स, बेनी न.पा.-८, म्याग्दीको सम्बन्धमा बेनी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा (४) को उपदफा (२) बमोजिमको समितिबाट जाँचबुझ पश्चात् सिफारिस भई आएकोले दुवै निर्माण व्यवसायीलाई ऐ. कार्यविधिको दफा (४) को उपदफा (४) बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

८) बेनी नगर कार्यपालिकाको आगामी बैठकमा पेश गर्नेगरी बेनी नगरपालिकाको वार्षिक खरिद योजना तथा शाखागत रुपमा वार्षिक कार्ययोजना निर्माणका लागि आवश्यक तयारी गर्न बेनी नगर कार्यपालिकाको कार्यालय, मातहतका शाखाहरु तथा वडा कार्यालयहरुलाई निर्देशन दिने ।

९) बेनी नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी व्यवस्थापन गर्नका लागि बेनी नगरपालिकाको आ.व. २०८०।८१ को सुशासन तथा संस्थागत समिति तर्फ "जनप्रतिनिधि तथा कर्मचारी Contact Tracing योजना" को शीर्षक संशोधन गरी "सि.सि.टि.भि. क्यामरा व्यवस्थापन" शीर्षक कायम गर्ने ।

१०) बेनी नगरपालिकाको सार्वजनिक जग्गाको सम्झौता भाडा दर निर्धारण तथा बक्यौता असुली समितिको मिति २०८०।०५।२२ गतेको बैठकले गरेका देहायका निर्णयहरु अनुमोदन गर्ने ।

<u>देहाय</u>

क) वेनी नगरपालिका वडा नं. ८ कालीपुल प्रहरी चेकपोष्ट नजिक सार्वजनिक स्थानमा बनेको सटर मध्ये यस कार्यालयसँग मिति २०७९।१२।२९ मा १ वर्षका लागि सटर नं. ५ सम्झौता गरी बसेका मन कुमारी सुनारले निज बसेको सटर नं. ५ खाली गरि सटर नं. ४ मा बस्नका लागि निवेदन पेश गरेकोले निजलाई उक्त सटर नं. ४ मा पुरानो सम्झौता अवधि सम्मका लागि मिति २०८०।०४।२५ गतेको कार्यपालिकाको निर्णयानुसार मासिक रू १०,००० भाडा लिने गरी उपलब्ध गराउने ।

ख) वेनी नगरपालिका वडा नं. ८ कालीपुल प्रहरी चेकपोष्ट नजिक सार्वजनिक स्थानमा बनेको सटर नं. १ मा विगत वर्षदेखि बस्दै आएको म्याग्दी कोरोला यातायात प्रा.लि. ले यस वर्ष पनि उक्त संस्थाको कार्यलाय राख्ने प्रयोजनका लागि वहालमा म्याद थपको निवेदन दिएकोले वेनी नगर कार्यपालिकाको मिति २०८०।०४।२५ को निर्णयानुसार २०८०



नगर बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल

सुरत के.सी.
नगर प्रमुख

श्रावण महिनाको रू १५००० र २०८०।०५।०१ गते पश्चात रू १०००० भाडा कायम गरि पुन १ वर्षका लागि भाडामा दिने ।

ग) वेनी नगरपालिका वडा नं. ८ कालीपुल प्रहरी चेकपोष्ट नजिक सार्वजनिक स्थानमा रहेको सटर नं. ५ वेनी नगरपालिका वडा नं. १ निवासी शुशिला दर्जीलाई २०८०।०६।०१ देखि लागु हुने गरि मिति २०८१ साल असार मसान्त सम्मको लागि मासिक रू.१००००।०० भाडा कायम गरि वहालमा दिने ।

घ) वेनी नगरपालिका वडा नं. ८ कालीपुल प्रहरी चेकपोष्ट नजिक सार्वजनिक स्थानमा रहेको सटर नं. ३ निलगिरी यातायात प्रा.लि. लाई ग्रामिण क्षेत्रको सवारी साधन चल्नका लागि टिकट काउन्टर संचालानार्थ मिति २०८०।०६।०१ देखि लागु हुने गरी मिति २०८१ साल असार मसान्त सम्मको लागि मासिक रू.१००००।०० भाडा कायम गरि वहालमा दिने ।

ङ) वेनी नगरपालिका वडा नं. ८ कालीपुल प्रहरी चेकपोष्ट नजिक सार्वजनिक स्थानमा सटर नं. ५ सँगै रहेको खाली जग्गामा प्रति सटर वर्ग १२४ फिटको दुइ सटरहरु निर्माणाधिन अवस्थामा रहेको हुँदा उक्त दुइ सटरहरूको प्रती सटर रु.१०,००० भाडा कायम गरी टेन्डर प्रक्रीया मार्फत वहालमा लगाउन नगर कार्यपालिकालाई अनुरोध गर्ने ।

च) वेनी नगरपालिका वडा नं. ८ स्थित टर्मिनल भवनमा साविक अथुङ्गे गा.वि.स. को नाममा रहेको विद्युत मिटरबक्स वेनी नगरपालिकाको नाममा नामसारी गर्ने ।

छ) वेनी नगरपालिका वडा नं. ७ स्थित बहुउद्देशिय खेल मैदानमा वेनी नगरपालिका मार्फत बनाइएको भवनमा रहेका सटरहरुको छाना चुहिने, नालि व्यवस्थापन नभएको कारणले सटर भित्र पानी पस्ने लगायतका विविध समस्या भई खालि अवस्थामा रहेका सटरहरु वहालमा लगाउन नसकिएकोले सो को मर्मत गर्नका लागि आवश्यक बजेट बिनियोजन गर्ने।

ज) मंगला गाउँपालिका वडा नं. १ म्याग्दी निवासी झ बहादुर कामीलाई बेनी नगरपालिका वडा नं. ८ डल्लेपिपल मोटरबाटो मुनीको १२ हात सार्वजनिक जग्गा कृषि औजार मर्मत तथा निर्माण व्यवसाय सञ्चालन गर्नका लागि प्रतिहात रू. २०० का दरले मासिक रू. २४०० लिनेगरी मिति २०८०/०६/०१ गतेदेखि लागू हुनेगरी २०८१ असार मसान्तसम्मको लागि भाडा सम्झौता गरिदिने ।

११) बेनी नगरपालिकाको फोहोरमैला संकलनका लागि प्रयोग हुँदै आएको बेनी नगरपालिका, वडा नं. ६ स्थित डम्पिङ साइटको आ.व.२०८०।८१ को कवाडी सामग्री बापत् रु २,००,००० (अक्षेरुपी



नेपाल बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल

सुरत के.सी.
नगर प्रमुख

दुई लाख रुपैयाँ) लिई कवाडी बिक्री गर्न बेनी नगर कार्यपालिकाको मिति २०८०।०४।२५ गतेको निर्णयानुसार बेनी नगरपालिकाको फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि जिम्मा दिइएको कालिगण्डकी स्क्राप सेन्टर, बेनी न.पा.-६, म्याग्दीलाई दिने गरी सम्झौता गर्ने ।

१२) बेनी नगरपालिकाको बेनी बजार क्षेत्र अन्तर्गत संगम चोकदेखि अस्पताल चोकसम्म सडक मापदण्ड पुरा नगरेका घरहरुको सन्दर्भमा घरको बाहिरी (बाटो तर्फको) पिल्लरबाट १८ इन्च घरको टपले ओगटेको बाहेकको निर्माण संरचना भत्काउने गरी रेखाङ्कन गर्न बेनी नगर कार्यपालिकाको कार्यालयको भवन नक्सा शाखालाई जिम्मेवारी दिने तथा सडक विस्तार गर्ने उक्त कार्यमा आवश्यक समन्वय गर्न सम्बन्धित वडा अध्यक्षलाई तोक्ने ।

१३) बेनी नगरपालिकाको आ.व. २०८०।८१ को "प्रधानमन्त्री रोजगार कार्यक्रम" का लागि बेनी नगरपालिकाको बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत संलग्नबमोजिमको ९१३ जना बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रमको सूची प्रकाशन गर्ने ।

१४) बेनी नगरपालिका मातहतको २ नं. वडा कार्यालयमा कार्यरत वडा सचिव राजाराम शर्माको मिति २०८०।०२।१३ गते भएको असमायिक निधन पश्चात् निजको परिवारले नियमानुसार पाउनु पर्ने सेवा सुविधा निजका दुई श्रीमती (पेश गरेका कागजातहरु अनुसार देखिन आएका) उर्मिला शर्मा र कमला शर्मालाई बराबर हुने गरी उपलब्ध गराउने ।

१५) बेनी नगरपालिकाको खानेपानी तथा जलस्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २२ मा साबिकमा जलस्रोत ऐन, २०४९ तथा जलस्रोत नियमावली, २०५० बमोजिम जिल्ला विकास समिति, म्याग्दीमा रहेको जिल्ला जलस्रोत समितिमा दर्ता भई सञ्चालनमा रहेका तथा बेनी नगरपालिकामा अभिलेखन नभएका खानेपानी उपभोक्ता समितिहरु अभिलेखनका लागि समयावधि उल्लिखित कार्यविधि स्वीकृत भएको मितिले तीन महिना व्यवस्था गरिएकोमा संशोधन गरी सो समयावधिलाई छ महिना कायम गर्ने ।

१६) बेनी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।०५।२५ गतेको बैठकमा भएका देहायका निर्णयहरु अनुमोदन गर्ने ।

**देहाय**

क) बेनी नगरपालिकाबाट नियुक्ति भएका ६ वटा विद्यालयमा कार्यरत बालविकास सहजकर्ताहरुको एक महिनाको तलब बराबरको चाडपर्व खर्च र पोशाक भत्ता उपलब्ध गराउने ।

ख) बेनी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक परिचालकहरुको पारिश्रमिक मासिक रु ७ हजारका दरले थप गर्दै आइएकोमा सामुदायिक परिचालकको कामको

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश



सुरत के.सी.
नगर प्रमुख

मुल्याङ्कान गर्दै मिति २०८० श्रावण महिन देखी प्रतिमहिना रु ८ हजारका दरले व्यवस्थापन गर्ने ।

ग) आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट अनुसार "WE can We do" कार्यक्रमका प्रति माध्यमिक विद्यालयका लागि रु १ लाखका दरले रकम विद्यालयलाइ उपलब्ध गराउने भनी व्यवस्था गरि रु १५ लाख रकम विनियोजन गरिएकोमा १६ माध्यमिक विद्यालयका लागि प्रति विद्यालयक १ लाखका दरले रु १ लाख नपुग हुने देखिएकोले रु १ एक लाख रकम थप गर्ने ।

१७) बेनी नगरपालिका, वडा नं ७, मंगलाघाट स्थित अस्थायी प्रहरी बिटका लागि बेनी न.पा.-७ स्थित भरत कुमार राजभण्डारीको घर भाडामा लिने गरी बेनी नगरपालिका तथा घरधनी भरत कुमार राजभण्डारीबीच सम्झौता भएकोमा २०८० असार मसान्तदेखि सम्झौता म्याद समाप्त भएकोले २०८० साउन १ गते देखि २०८१ असार मसान्त सम्मका लागि सम्झौता म्याद थप गर्ने ।

१८) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं. १३४, मिति २०८०।०५।१५ गतेको पत्रानुसारको JDS 2024 छात्रवृत्ति कार्यक्रममा सहभागी हुन अध्ययन पूर्व स्वीकृतिका लागि कार्यपालिकाबाट सिफारिस गरीदिन भनी बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत श्री युवराज थापा (क.सं.नं. २३३१९९) ले निवेदन पेश गर्नु भएकोले ऐ. मन्त्रालयको च.नं. ६७०, मिति २०८०।०२।१८ गतेको पत्रानुसार निजलाई अध्ययन पूर्व स्वीकृतीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१९) बेनी अस्पताल, म्याग्दीबाट भुलवश नेपाल बैंक लिमिटेड, म्याग्दी शाखामा रहेको बेनी नगरपालिकाको खातामा जम्मा हुन आएको रु १,४५,४७५ (अक्षेरुपी एक लाख पैचालिस हजार चार सय पचहत्तर रुपैयाँ) फिर्ता गर्ने ।

२०) संघीय सरकार तथा बेनी नगरपालिकाको साझेदारीमा निर्माण सम्पन्न भएको बेनी नगरपालिका, वडा नं. ३ को भकिम्ली ठूलो खोला झोलुङ्गे पुल र भकिम्ली चिनाखोला झोलुङ्गे पुल निर्माण योजनाका सम्बन्धमा बेनी नगरपालिकाले तेह्र प्रतिशत साझेदारी वापत भुक्तानी गर्नुपर्ने रकम बेनी नगरपालिकाको समपुरक कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने ।

२१) सडक बोर्ड, नेपालसँगको साझेदारीमा बेनी-अर्थुङ्गे-पात्लेखेत सडक अन्तर्गतको बेनी-अर्थुङ्गे सडक खण्डको मर्मत कार्य हुन लागेकोले उक्त कार्य सम्पन्न भए पश्चात् बेनी नगरपालिकाले साझेदारी बापत् उपलब्ध गराउनुपर्ने पच्चीस प्रतिशत बराबरको रकम बेनी नगरपालिकाको समपुरक कोषबाट व्ययभार हुनेगरी भुक्तानी दिने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३



सुरत के.सी.
नगर प्रमुख

२२) बेनी नगरपालिकाका चालू आर्थिक वर्षका देहायबमोजिमका आयोजनाहरू उपभोक्ता समितिमार्फत् सञ्चालन गर्ने ।

देहाय

a. संगमचोक बेनी अस्पताल सडक पीच आयोजना
b. भकिम्ली स्वास्थ्य चौकी निर्माण आयोजना
c. अर्थुङ्गे बेनी नगरपालिका वडा नं. ६ कार्यालय व्यवस्थापन र थाकनपोखरी स्वास्थ्य चौकी निर्माण आयोजना
d. पात्लेखेत खेल मैदान निर्माण आयोजना
e. बेनी नगरपालिका खुला मञ्च निर्माण आयोजना

२३) बेनी नगरपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयहरूको लेखापरीक्षण गर्नको लागि यसै वर्षदेखि कानूनबमोजिम दर्तावाला लेखापरीक्षकहरू नियुक्त गरी नगर कार्यपालिकाको कार्यालयबाटै सबै विद्यालयहरूमा खटाइपठाउने । ती लेखापरीक्षकहरूको पारिश्रमिकसमेत कार्यालयबाटै तोकी पठाउने ।

२४) नगरपालिकाका विभिन्न वडाहरूमा प्रस्ताव गरिएका महत्त्वपूर्ण आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report-DPR) तयार गर्नको लागि वडास्तरमा छलफल गरी त्यस्ता आयोजनाहरूको विवरण सम्बन्धित वडा कार्यालयले अर्को कार्यपालिकाको बैठकमा पेश गर्नेगरी पठाउने ।

२५) बेनी नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरू एवम् शाखाहरूको सेवाप्रवाहको स्तरलाई अझै प्रभावकारी बनाउने, बेनी नगरपालिकाको चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने, कार्यपालिकाका निर्णयहरूलाई सम्बन्धित विषयगत शाखाले छिटोछरितो रूपमा सम्पादन गर्ने, जनसन्तुष्टीलाई अभिवृद्धि गर्ने ।

-0-

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख